# नेपाल राष्ट्र बैंक

मुद्रा व्यवस्थापन विभाग
बालुवाटार, काठमाडौं ।

## सवारी/ढुवानी साधन (बस/ट्रक) भाडामा लिने सम्बन्धी बोलपत्र आह्वानको सूचना

बोलपत्र आह्वानको सूचना नं. बोलपत्र/मु.व्य.वि./अ.से./१-०७८/०७९

प्रथम पटक प्रकाशित मितिः २०७८/०७/२५

नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागको कार्यक्षेत्र अन्तर्गतका नोटकोष रहेका राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडका तोकिएका शाखाहरुमा तथा प्रदेशस्थित नेपाल राष्ट्र बैंकका विभिन्न कार्यालयहरुमा गरिने तोडाचलान (**Fund Transfer**) कार्यको लागि आवश्यक परेको समयमा बस/ट्रक भाडामा लिनुपर्ने भएकोले सवारी साधन भाडामा उपलब्ध गराउन इच्छुक सम्बन्धित निकायमा दर्ता भई कालोसूचीमा नपरेका बस/ट्रक व्यवसायी फर्म/कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधीनमा रही सेवा आपूर्ति गर्न बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपूर्तिकर्ताले लिखित आवेदन सहित नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, बालुवाटारमा रु.३,०००।- (अक्षरेपी तीन हजार मात्र) (फिर्ता नहुने) सण्ड्री क्रेडिटर्स हिसाव (१३०९९०१/०११-०००-५२४) मा जम्मा गरेको सक्कल भौचर संलग्न गरी खरिद गरेको फारम मिति २०७८/०८/२६ गते १२:०० बजे भित्र यस विभागमा पेश गर्नुपर्नेछ ।

२. बोलपत्रको मान्य अवधि बोलपत्र खोलिएको मिति देखि ९० दिनको हुनेछ ।

३. बोलपत्र पेश गर्दा बोलपत्रका साथ रु.६०,०००।- (अक्षरेपी साठी हजार मात्र) यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाव (१३०९९०१/०११-०००-५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा १२० दिन मान्य अवधि भएको सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरिएको बैंक ग्यारेन्टीको सक्कल प्रति बोलपत्रका साथ संलग्न गरिएको हुनुपर्नेछ ।

४. दाखिला भएका बोलपत्रहरु २०७८ साल ०८ महिना २६ गते दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बैंकको मुद्रा व्यवस्थापन विभाग, बालुवाटारमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । पुर्व निर्धारित मितिमा कारणवश बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ ।

५. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६. बोलपत्रमा रुट अनुसार (प्रत्येक रुटका लागि) दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा सो स्थानमा बोलपत्र दाताको सहिछाप भएको हुनुपर्नेछ ।

७. म्याद गुज्रिएपछि प्राप्त हुन आएको र रित पुरा नभएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

९. सवारी/ढुवानी साधन भाडामा लिईने करार अवधि भित्र कुनै किसिमको मूल्य वृद्धि गर्न पाइने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, बालुवाटारमा सुरक्षित रहने छ ।

११. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली २०७१ - चौंथो संशोधन समेत) बमोजिम हुनेछ ।

१२. बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा वा बोलपत्र सम्बन्धी कागजात हेर्नु परेमा नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग, बालुवाटारको आन्तरिक प्रशासन फाँट (फोन नं ०१-४४१०१५८,४४१०२०१,४४११२५० को एक्सटेन्सन १५७/१६४) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । यो सूचना बैंकको वेभसाइट www.nrb.org.np मा समेत प्रकाशित गरिएको छ ।

श्री नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग

***